राष्ट्रको गौरव

# गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।

gorkhapatraonline.com

र्थबजार | नेपालमा लगानीको बृहत् अवसर | हर्षल महिला क्रिकेट टिमका

| अङ्क २१६ | २०८२ साल पुस २ गते बुधबार | पौष कृष्ण त्रयोदशी | नेपाल संवत् ११४६ थिंलागा १३ | 2025 December 17 Wednesday | पृष्ठ : १२+४+४ | मूल्य : दस र

**नेपाल सरकार**
**पदपूर्ति समिति**
**नेपाल कृषि अनुसन्धान परिषद्**
**सिंहदरबार प्लाजा, काठमाडौँ ।**

## हलुका सवारी चालक पदमा सेवा, समूह र उपसमूह परिवर्तनका लागि प्रतियोगितात्मक परीक्षाको विज्ञापन

**सूचना नं. ००१/२०८२/८३**

**प्रकाशन मिति : २०८२।०९।०२**

उच्च अदालत पाटन, ललितपुरको मिति २०८१/०३/१९ को परमादेश तथा लोक सेवा आयोगको मिति २०८२/०८/०२ को पत्रबाट प्राप्त सहमति बमोजिम परिषद् र अन्तर्गतका कार्यालयहरूमा तह विहीन प्रशासनिक/प्राविधिक सहयोगी पदमा स्थायी नियुक्ति भई सवारी चालक अनुमति पत्र (ड्राइभिङ लाइसेन्स) प्राप्त गरी सवारी चालकको जिम्मेवारी वहन गर्दै आइरहेका रिट निवेदक कर्मचारीहरूबाट प्रशासनिक/प्राविधिक सहयोगी पदबाट तह विहीन हलुका सवारी चालक पदमा पद परिवर्तन गर्न परिषद्को कर्मचारी प्रशासन विनियम, २०४९, "प्रशासन/प्राविधिक सहयोगी पदमा कार्यरत कर्मचारीलाई हलुका सवारी चालक पदमा पद परिवर्तन गर्ने सम्बन्धी कार्यविधि, २०८२" र पदपूर्ति समितिको कार्यविधि, २०६१ बमोजिम यो दरखास्त आह्वान गरिएको छ। तोकिएको न्यूनतम योग्यता पुगेका रिट निवेदक उम्मेदवारहरूले नेपाल कृषि अनुसन्धान परिषद् पदपूर्ति समितिमा आवेदन दिनुपर्नेछ।

| क्र.सं. | विज्ञापन नं. | पद | सेवा, समूह, उपसमूह | श्रेणी | पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | २०८२/८३-००१ | हलुका सवारी चालक, प्रथम स्तर | तह विहीन | तह विहीन | २७ (सत्ताइस) |

**तपसिल**

| | |
|---|---|
| **परीक्षाका किसिम** | : प्रयोगात्मक र अन्तर्वार्ता। |
| **दरखास्त दस्तुर** | : रु. ३००/- (तीन सय)। |
| **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरू** | : नागरिकता प्रमाण पत्रको प्रतिलिपि, स्थायी नियुक्तिको पत्रको प्रतिलिपि, सवारी चालक अनुमति पत्र (ड्राइभिङ लाइसेन्स) को प्रतिलिपि, परिषद्बाट निर्धारित सवारी चालक भई काम गरेको सेवा अनुभव प्रमाणित फाराम भरी आफूले काम गरेको सम्बन्धित निकाय वा कार्यालयका विभागीय प्रमुख वा कार्यालय प्रमुखबाट सवारी चलाइरहेको भन्ने व्यहोरा प्रमाणित गराएको फाराम समेतको कागजातहरू दरखास्त साथ संलग्न गर्नुपर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ। |
| **दरखास्त दिने अन्तिम मिति** | : २०८२/१०/०१ सम्म र दोब्बर दस्तुर तिरी २०८२/१०/०८ सम्म। दरखास्त दिने अन्तिम मितिमा सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट कार्यालय खुलेको दिन दरखास्त दिन सकिनेछ। |
| **दरखास्त पाइने र बुझाउने स्थान** | : दरखास्त फाराम नेपाल कृषि अनुसन्धान परिषद्को, पदपूर्ति समितिको कार्यालय, सिंहदरबार प्लाजा, काठमाडौँबाट रु. ५०/- को दस्तुर तिरी खरिद गरी बुझाउन सकिनेछ। |
| **दरखास्त दस्तुर बुझाउने विधि र स्थान** | : दरखास्त दस्तुर नेपाल कृषि अनुसन्धान परिषद्को कृषि विकास बैंक लिमिटेड, लगनखेल, ललितपुरको चल्ती खाता नं. ०२११६००१७९३९००१२ मा कृषि विकास बैंक लिमिटेडको कुनै पनि शाखा कार्यालयमा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गर्नुपर्नेछ। |
| **उम्मेदवारको उमेरको हद** | : उमेरको हद लाग्ने छैन। |
| **प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता हुने स्थान र मिति** | : पदपूर्ति समिति, नेपाल कृषि अनुसन्धान परिषद्, कार्यालयबाट निर्धारण भए बमोजिम हुनेछ। |
| **पदमा रही गर्नुपर्ने कामको विवरण** | : सेवा, समूह सम्बन्धी। |
| **तलब** | : प्रचलित कानून बमोजिम। |

**आवश्यक न्यूनतम योग्यता :**

(क) दरखास्तका सूचना प्रकाशित भएका मितिभन्दा अगाडि सवारी चालक अनुमति पत्र प्राप्त गरिसकेका र सवारी चालक अनुमति पत्रको म्याद बहाल रहेको हुनुपर्नेछ।

(ख) प्रशासनिक/प्राविधिक सहयोगी पदमा स्थायी नियुक्त भई हाल हलुका सवारी चालकको काम गरिरहेको हुनुपर्नेछ।

**द्रष्टव्य :**

(क) नेपाल कृषि अनुसन्धान परिषद्को पदपूर्ति समितिद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिनेछैन। रीत नपुगेका वा झुठा विवरण पेश गरी परीक्षामा सामेल भएका उम्मेदवारहरुको दरखास्त जुनसुकै बेलामा पनि पदपूर्ति समितिले रद्द गर्न सक्नेछ।

(ख) प्रयोगात्मक परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनुभन्दा अगाडि स्थायी नियुक्तिको प्रमाणपत्र, नागरिकता, सवारी चालक अनुमति पत्र (ड्राइभिङ लाइसेन्स), सवारी चालक भई काम गरेको सेवा अनुभव कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रतिका साथ सोको प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(ग) पाठ्यक्रम नेपाल कृषि अनुसन्धान परिषद्को वेबसाइट www.narc.gov.np र परिषद्को पदपूर्ति समितिबाट प्राप्त गर्न सकिनेछ।

**सदस्य-सचिव**
**पदपूर्ति समिति**